# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: ०८०/८१
च.नं.

मिति २०८०/९/६

### आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/९/६)

सम्मानित उच्च अदालत पोखराको २०७३/१२/३० को आदेश बमोजिम स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६९ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३**क** (१) मा उल्लेख भए बमोजिम तथा पोखरा महानगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८० अनुसार पोखरा महानगरपालिकाको स्वीकृत दरबन्दी/तत्कालीन समयमा २०६४ असोज मसान्त अगाडि विभिन्न पद/तहमा अस्थायी/करार/सेवा करारमा नियूक्त भई अबिछिन्नरुपमा कार्यरत कर्मचारीहरुलाई मिति २०८०/८/१९ गतेको २४ औं नगर कार्यपालिका बैठकबाट स्थायी पदपूर्तिको प्रकृया अगाडि बढाउन भएको निर्णयानुसार देहाय बमोजिमको पदमा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ । न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले पोखरा महानगरपालिकाको वेबसाईट **www.pokharamun.gov.np** बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित पोखरा महानगरपालिकाको प्रशासन महाशाखामा दरखास्त पेश गर्नुपर्नेछ ।

**देहाय :**

| क्र.सं. | विज्ञापन नं. | पद /तह/समूह | पदपूर्तिको प्रकृया | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७/०८०/८१ | अधिकृतस्तर छैटौं (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | १ | १२००/-(एक हजार दुई सय) | वा सो सरह कार्यरत |
| २. | ०८/०८०/८१ | ईन्जिनियर छैटौं (प्राविधिक) | आन्तरिक प्रतिस्पर्धा | १ | १२००/-(एक हजार दुई सय) | वा सो सरह कार्यरत |
| ३ | ०९/०८०/८१ | सहायकस्तर पाँचौ (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | ५ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ४ | ११/०८०/८१ | जुनियर ईन्जिनियर पाँचौतह प्राविधिक) | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ५ | १२/०८०/८१ | सहायकस्तर चौथो (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | ३२ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ६ | १३/०८०/८१ | सहायकस्तर चौथो तह न.प्र.स.ना.नि. | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ७ | १४/०८०/८१ | नगर प्रहरी/फा.मे.सी./ का.स./मालि/ भान्छे/कुचिकार/ चौकीदार/ लाठे/ सवारीचालक/ हेल्पर/ज्यामी समेत | आन्तरिक प्रतिस्पर्धा **(आन्तरवार्ताबाट छनोट गरिनेछ)** | ६९ | ५००/- (पाँच सय) | श्रेणी बिहीन वा सो सरह कार्यरत |

# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@ pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np


पत्र संख्या: ०८०/८१
च.नं.

मिति २०८०/९/६

१. **न्यूनतम शैक्षिक योग्यता** : लोकसेवा आयोगद्वारा सम्बन्धित पद/तह समूहका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको ।

२. तत्कालीन समयमा विभिन्न पद/तहमा नियुक्त भई हालसम्म अबिछिन्न रुपमा कार्यरत रहेका तर स्वीकृत दरबन्दी/पद/तह/समूहसँग मेल नखाने कर्मचारीहरुको हकमा निजहरुले गरिरहेको काम/खाईपाई आएको तलब भत्ता, पछिल्लो पटक गरिएको करार सम्झौता/निजहरुको न्यूनतम शैक्षिक योग्यता समेतका आधारमा हालको स्वीकृत उपयूक्त पदमा प्रतिस्पर्धाका लागि आवदेन लिईनेछ ।

३.नगर प्रहरी/फा.मेसी./का.स./माली/भान्छे/कुचिकार/चौकीदार/सवारीचालक/लाठे/हेल्पर/ज्यामी जस्ता श्रेणी बिहिन पदका कर्मचारीहरुको आवेदन संकलन पश्चात अन्तरवार्ताद्वारा छनौटका लागि सिफारिस गरिनेछ ।

४. परीक्षाको किसिम : (**क**) लिखित र अन्तर्वार्ता ।

५ दरखास्त बुझाउने अन्तिम मिति : २०८०/९/२० गते कार्यालय समयभित्र । (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)

६ . सम्पर्क मिति : २०८०/९/२२ गते (आईतबार) कार्यालय समयभित्र ।

७. लिखित परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।

८.दरखास्त दस्तुर पोखरा महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं.- **३०२०१००३०१०१०००२** मा जम्मा भएको भौचर, दरखास्त फारमका साथ संलग्न राख्नु पर्नेछ ।

९ आवश्यक कागजात : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु कागजातहरु: (**क**) नेपाली नागरिकताको प्रतिलिपि (**ख**) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (**ग**) अनुभवको प्रमाण पत्र । (**घ**) सम्बन्धित उम्मेदवारले आवेदन पेश गरेको पदका लागि योग्य छु भन्ने सो घोषणा पत्र । (ङ) पासपोर्ट साईजको फोटो ३ प्रति ।

१०. रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । रित नपुगेको दरखास्त जुन सुकै समयमा पनि रद्द गरिनेछ ।

<u>विस्तृत जानकारीको लागि सम्पर्क : ०६१-५७११०४, ९८५६००३०४५</u>

.................................
सदस्य सचिव
पदपूर्ति समिति